नेपाल सरकार

# खानेपानी मन्त्रालय, काठमाण्डौ
## स्टेसनरी तथा अन्य आवश्यक सामान आपूर्ति गर्ने सम्वन्धी
## सिलवन्दी दरभाउपत्र आह्वानको सूचना
**ठेक्का नं. ०१/२०७६/०७७**

**प्रथम पटक प्रकाशित मितिः २०७६।०९।१४**

१. यस मन्त्रालयका लागि आ.ब. २०७६।७७ मा स्टेशनरी तथा अन्य आवश्यक सामान सिलवन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नु पर्ने भएकोले योग्य, ईच्छुक फर्म, सस्थाहरुवाट निम्न शर्तका अधिनमा रही सिलवन्दी दरभाउपत्र आह्वान गरिएको छ ।

२.सिलवन्दी दरभाउपत्रदाताको ग्राह्यता (इलिजिबिलिटी) को आधार तथा त्यस्तो आधार प्रमाणित गर्न सिलवन्दी दरभाउ पत्रदाताले सिलवन्दी दरभाउपत्र साथ देहायका कागजातहरु पेश गर्नु पर्नेछ ।

क) फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणपत्रको प्रतिलिपि ।

ख) व्यवसाय दर्ताको प्रमाणपत्रको प्रतिलिपि ।

ग) मू.अ.क.दर्ता प्रमाणपत्र र प्यान (PAN) प्रमाणपत्रको प्रतिलिपि ।

घ) सिलवन्दी दरभाउपत्रदाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्वन्धित पेशा वा व्यवसाय सम्वन्धी कसुरमा आफूले सजाय नपाएको भनी लिखित रुपमा गरेको स्वःघोषणाको सक्कल प्रतिलिपी ।

ङ) आ.व. २०७५।०७६ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि ।

३.सिलवन्दी दरभाउपत्र फाराम प्रत्येकको रु. १,०००।- (फिर्ता नहुने गरी) तिरी यस कार्यालयबाट यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले १५ औं दिन (मिति २०७६।९।२७ गते) सम्म एभरेष्ट बैंक लिमिटेडमा यस मन्त्रालययको कोर्ड नं.२७-३१३-२४ खाता नं.००१००१०६२००००० राजस्व शिर्षक नं. १४२२९ मा दाखिला गरि कार्यालय समय भित्र खरिद गरी १६ औ दिन (मिति २०७६।९।२८ गते) १२ बजेभित्र सिलवन्दी गरी यस कार्यालयमा दाखिला गरिसक्नु पर्नेछ । सो दिन विदा परेमा उक्त कार्य सोही समयमा कार्यालय खुलेको अर्को दिन सोही समयमा हुनेछ ।

४.सिलवन्दी दरभाउपत्रमा आइटमवाइज दर रेट अंक र अक्षर दुवैमा लेखिएको हुनु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइने छ । केरमेट गरेको ठाउमा दरभाउ पत्रदाताले दस्तखत गरेको हुनुपर्छ ।

५.सिलवन्दी दरभाउ पत्रको मान्य अवधि दाखिला गर्ने अन्तिम मिति (२०७६।९।२८) बाट ४५ दिन हुनेछ ,दरभाउपत्रसाथ रु.५००००।- दरभाउपत्रको मान्य अवधिभन्दा कम्तिमा ४५ दिन बढी अवधिको मान्यता प्राप्त क बर्गको वाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरेको शर्त रहित बैंक ग्यारेण्टीको सक्कल प्रति पेश गर्नुपर्नेछ । नगद जमानतका लागि कोष तथा लेखा नियन्त्रक कार्यालय काठमाण्डौ भुक्तानी नं ४ को नाममा रहेको एभरेष्ट बैंक, लिमिटेडको सिहंदरबारस्थित धरौटी खाता नं. १३५००१ मा जम्मा गरेको सक्कल भौचर पेश गर्नु पर्नेछ ।

६.पेश हुन आएका सिलवन्दी दरभाउपत्र दाखिला गर्ने अन्तिम दिन (मिति २०७६।९।२८गते) २.०० बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिने छ । दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न वाधा पर्ने छैन । उक्त दिन सार्वजनिक विदा परेमा सो को भोलीपल्ट सोही समयमा गरिने छ ।

७.एक फर्मको नाममा खरिद गरिएको दरभाउपत्र फाराम अर्को फर्मको नामबाट दाखिला गर्न पाईने छैन ।

८.दरभाउपत्रमा उल्लेखित सामानको परिमाण आवश्यकता अनुसार थपघट भएमा पनि आपूतिकर्ताले स्वीकार गर्नु पर्नेछ ।

९ .सूचनाको दफा २ बमोजिमका कागजातहरु नभएको, रीत नपुगेको, म्याद नाघी प्राप्त भएको, कुनै शर्त राखेको, दस्तखत, छाप नभएको एवं स्पेसिफिकेशन बमोजिम नभएको बोलपत्र उपर कारवाही हुने छैन ।

१०.दरभाउपत्र दाखिला गर्नु अघि सोमा उल्लिखित शर्तहरु, परिमाण र अन्य कुराहरु राम्ररी अध्ययन, अवलोकन गरी दरभाउपत्र भर्न र पेश गर्न अनुरोध गरिन्छ । दरभाउपत्रमा उल्लिखित कुनै कुरा स्पष्ट नभएमा यस कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राख्न सकिने छ ।

११.दरभाउपत्रदाताले कबुल गरेको दर परिवर्तन गर्ने सम्बन्धमा कुनै शर्त राख्न पाइने छैन । दरभाउपत्रदाताले संलग्न परिमाण मूल्य पत्र (Bill of Quantity) मा उल्लिखित प्रत्येक महलमा भर्नु पर्नेमा स्पष्ट रुपमा भर्नुपर्नेछ ।

१२.दरभाउपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सो लगत्तै कार्यालय खुलेको दिन उक्त कार्य सोही समयमा हुनेछ ।

१३.दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस मन्त्रालयमा सुरक्षित रहनेछ ।

१४.यो सूचनामा उल्लेख हुन छुट भएका बिषयहरु सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार हुनेछ ।

१५.दरभाउपत्र सम्पूर्ण वा आंशिक रुपमा पनि स्वीकृत गर्न सकिनेछ ।

१६.यो सूचना यस कार्यालयको वेभसाईट www.mowss.gov.np. मा समेत हेर्न सकिनेछ । थप जानकारीको लागी कार्यालय समय भित्र आन्तरिक व्यवस्थापन शाखामा सम्पर्क राख्नुहुन अनुरोध छ ।